गाउँ कार्यपालिकाको
मितिः- २०८२/१०/१२
(बैठक संख्या:- ०८-२०८२/०८३)
स्थानः- गाउँपालिकाको सभाहल

आज मिति २०८२ माघ १२ गते तदनुसार नेपाल संवत ११४६, सिल्लाध्व, अष्टमी, सोमबारका दिन साँझ ४:०० बजे बारेकोट गाउँपालिकाका अध्यक्ष श्री वीर बहादुर गिरी ज्यूको अध्यक्षतामा गाउँ कार्यपालिकाको आठौं (०८) बैठक देहायका पदाधिकारीहरुको उपस्थितिमा बसी निम्न प्रस्ताव उपर छलफल गरी निर्णयहरु गरियो।

**उपस्थितिः**

| | |
|---|---|
| श्री वीर बहादुर गिरी | अध्यक्ष |
| श्री नर बहादुर गिरी | सदस्य गाउँ कार्यपालिका |
| श्री ऐन बहादुर गिरी | सदस्य, गाउँ कार्यपालिका |
| श्री बीर बहादुर घर्ती | सदस्य, गाउँ कार्यपालिका |
| श्री राम बहादुर सिंह | सदस्य, गाउँ कार्यपालिका |
| श्री विष्णु बहादुर रावत | सदस्य, गाउँ कार्यपालिका |
| श्री गोरख बहादुर थापा | सदस्य, गाउँ कार्यपालिका |
| श्री शेर बहादुर चलाउने | (का.व.अ.-६) सदस्य. गाउँ कार्यपालिका |
| श्री विशाल किरण बस्नेत | सदस्य, गाउँ कार्यपालिका |
| श्री योगेन्द्र बहादुर सिंह | सदस्य, गाउँ कार्यपालिका |
| श्री दान बहादुर शाही | सदस्य, गाउँ कार्यपालिका |
| श्री दील बहादुर नेपाली | सदस्य, गाउँ कार्यपालिका |
| श्री दिपक नेपाली | सदस्य, गाउँ कार्यपालिका |
| श्री कमला कामी | सदस्य, गाउँ कार्यपालिका |
| श्री कल्पना नेपाली | सदस्य, गाउँ कार्यपालिका |
| श्री विष्णु वि. क. | सदस्य, गाउँ कार्यपालिका |
| श्री नैनी नेपाली | सदस्य, गाउँ कार्यपालिका |
| श्री मोहन प्रकाश गिरी | प्र.प्र.अ. (सदस्य सचिव) |
| आमन्त्रितहरुः | |
| श्री खिम बहादुर रोकाया | कम्प्युटर अधिकृत (छैटौं) |

CamScanner

गाउँ कार्यपालिका

मितिः- २०८२/१०/१२

बारेकोट गाउँ कार्यपालिकाको बैठकका निर्णयहरु (बैठक संख्या:- ०८-२०८२/०८३)

**प्रस्तावहरुः**

१. अघिल्लो कार्यपालिका बैठकको समिक्षा सम्वन्धमा।

२. कृषि व्यवसाय प्रवर्द्धन सम्बन्धी प्रविधि प्रयोग र विस्तारमा दिइने अनुदान सुविधा सम्बन्धमा।

३. आपतकाली कार्यसञ्चालन केन्द्र सञ्चालन कार्यविधि संशोधन सम्बन्धमा।

**निर्णय नं. १**

बारेकोट गाउँपालिकाको यस अघि सम्पन्न कार्यपालिका बैठकमा भएका निर्णयहरु कार्यान्वयनको अवस्था बारे छलफल गरियो।कार्यपालिका निर्णयलाई प्रभावकारी रुपमा कार्यान्वयन गर्न सबै सरोकारवालाहरुसँग समन्वय र सहकार्य गर्ने।

**निर्णय नं. २**

बारेकोट गाउँपालिकाको कृषि व्यवसाय प्रवर्द्धन समितिको मिति २०८२।१०।१२ गतेको निर्णयानुसार कृषकहरुलाई अनुदान छुट दिन सिफारिस भइ आएकोले कृषि व्यवसाय प्रवर्द्धन सम्बन्धमा व्यवस्था गर्न बनेको ऐन, २०७५ को दफा ८ (१)(ख) मा कृषि व्यवसाय प्रवर्द्धन सम्वन्धी प्रविधि प्रयोग र विस्तारमा दिइने अनुदान सुविधा सम्बन्धमा उल्लेख भएकोले सोहि ऐनको दफा २ खण्ड (छ) सँग सम्बन्धित अनुसूची १ मा उल्लिखित कृषि व्यवसायहरुलाई तपसिल बमोजिमको अनुदान प्रतिशत छुट गर्ने।

**तपसिल**

| क्र.सं. | कृषि व्यवसाय | सञ्चालन क्रियाकलायहरु | अनुदान प्रतिशत |
|---|---|---|---|
| १ | खाद्यान्न वाली | वीउ वितरण, खाद्यान्न उत्पादनका सामग्रीहरू तथा यससँग सम्वन्धित अन्य सहयोग | ७५ प्रतिशत |
| २ | वागवानीजन्य | विरुवा वितरण, वगैंचा सुधार, उपकरण लगायत बागवानीसँग सम्वन्धित अन्य सहयोग | ७५ प्रतिशत |
| ३ | च्याउ | च्याउ उत्पादन सामग्री, स्पन, घर सुधार, प्रविधि तथा सम्वन्धित अन्य सहयोग | ७५ प्रतिशत |

मोहन प्रकाश गिरी
प्रमुख प्रशासकीय अधिकृत

बारेकोट गाउँपालिका
गाउँकार्यपालिकाको कार्यालय
लिम्सा, जाजरकोट
कर्णाली प्रदेश, नेपाल
२०७३

गाउँ कार्यपालिका
मिति:- २०८२/१०/१२

बारेकोट गाउँ कार्यपालिकाको बैठकका निर्णयहरु (बैठक संख्या:- ०८-२०८२/०८३)

| | | | |
|---|---|---|---|
| ४ | मौरी, रेशम | मौरीघार, मौरी उपकरण, रेशम कीरा तथा उत्पादनसँग सम्बन्धित अन्य सहयोग | ७५ प्रतिशत |
| ५ | नगदे बाली | चिया, कफी, अलैंची, सुपारी, घाँसेबाली उत्पादन तथा प्रवर्द्धनसम्बन्धी सहयोग | ७५ प्रतिशत |
| ६ | दलहन तथा तेलहन | दलहन/तेलहन बीउ, उत्पादन सामग्री, प्रविधि तथा सम्वन्धित अन्य सहयोग | ७५ प्रतिशत |
| ७ | रेशा तथा अन्य | कपास, जुट, उखु, रवरखेती, टिमुर उत्पादन तथा प्रवर्द्धनसम्वन्धी सहयोग | ७५ प्रतिशत |
| ८ | कृषि पर्यटन | कृषि पर्यटन पूर्वाधार, फार्म स्टे, प्रवर्द्धन तथा सम्वन्धित अन्य सहयोग | ७५ प्रतिशत |
| ९ | कृषि उपज प्रशोधन | कृषि उपजलाई प्रशोधन गर्ने उपकरण तथा औद्योगिक प्रशोधनसम्वन्धी सहयोग | ७५ प्रतिशत |
| १० | कृषि तथा पशुजन्य उत्पादन प्रशोधन उद्योग | कृषि तथा पशुजन्य उत्पादनको प्रशोधन, भण्डारण र प्याकेजिङसम्बन्धी सहयोग | ७५ प्रतिशत |
| ११ | कृषि तथा पशुजन्य सामग्री प्रशोधन उद्योग | दाना, मलखाद, विषादी, औषधि आदिको उत्पादन/प्रशोधनसम्वन्धी सहयोग | ७५ प्रतिशत |
| १२ | कृषि प्रणाली समाविष्ट कृषि तथा पशुजन्य वस्तुहरु | कृषि औजार तथा उपकरण (हाते औजार, पावर टिलर, थ्रेसर, मिनी ट्र्याक्टर), सिँचाइ सामग्री (ड्रिप, स्प्रिंकलर, पाइप, पम्प आदी) प्लास्टिक मल्चिङ, टनेल, नर्सरी सामग्री, वाली भण्डारण सामग्री (मेटन विन, सुपर ग्रिन ब्यग, बोरा, क्रेट) | ४५ प्रतिशत |
| | | वाली संरक्षण सामग्री (जैविक तथा रासायनिक विषादी र मल, ट्र्याप, फेरोमोन आदि) खाद्यान्न तथा तरकारीका मिनीकिटहरु, विभिन्न प्रदर्शनहरु (वाली उत्पादनसम्बन्धी, वाली संरक्षणसम्बन्धी, सिँचाइ व्यवस्थापन, वागवानी सम्बन्धी, यान्त्रिकीकरण तथा उपकरण जलवायु स्मार्ट तथा नवप्रविधि प्रदर्शन आदी) | १०० प्रतिशत |

मोहन प्रकाश गिरी
प्रमुख प्रशासकीय अधिकृत

गाउँ कार्यपालिका
मिति:- २०८२/१०/१२

बारेकोट गाउँ कार्यपालिकाको बैठकका निर्णयहरु (बैठक संख्या:- ०८-२०८२/०८३)

**निर्णय नं. ३**

बढ्दो प्राकृतिक तथा गैर प्राकृतिक विपद् जोखिमलाई न्यूनीकरण गर्न, नागरिकको सुरक्षा, खोज-उद्धार तथा राहत व्यवस्थापनलाई प्रभावकारी बनाउन बारेकोट गाउँपालिकाको विपद् व्यवस्थापन समितिमा छलफल भई तयार गरिएको "स्थानीय आपतकालीन कार्यसञ्चालन केन्द्र, सञ्चालन कार्यविधि, २०८० (प्रथम संशोधन २०८२)" संशोधन विधेयक स्वीकृतिको लागि कार्यपालिकामा पेश भएकोले उक्त "स्थानीय आपतकालीन कार्यसञ्चालन केन्द्र, सञ्चालन कार्यविधि, २०८० (प्रथम संशोधन २०८२)" स्वीकृत गर्ने।

मोहन प्रकाश गिरी
प्रमुख प्रशासकीय अधिकृत